# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १२ गते ०१ साल


## भाग ३

## उद्योग विभागको चना

हालै उद्योग विभागबाट १९९२ सालमा जारी भएको विज्ञापन प्रकाशन संबन्धी इश्तिहारबमोजिम काम होस भन्ने उद्देश्यले पठाएको निर्देशले गर्दा स्थानीय प्रेस तथा व्यापारिक जनतामा केही गलतफहमी फैलेको छ भन्ने बुझियो ।

इश्तिहारको सम्वन्धित भाग यस प्रकारको छः—

"श्री वाणिज्यवर्धक संस्था (उद्योग विभाग) मार्फत रजिष्टरी पाएका कामको व्यापार विषयको विज्ञापन सूचिपत्र साइनबोर्ड इत्यादि लेखाउन छपाउनु परेमा सो संस्थामार्फत पास गराई मात्र लेखाउने छपाउने गर्नु ।

यस इश्तिहार जारी हुनाको उद्देश्य हो सर्वसाधारण जनतालाई अनुचित विज्ञापनहरूबाट ठगिन वा झुक्किन नदिनु । स्वस्थ विज्ञापनमा यसबाट केही असर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नें छैन । तसर्थ सम्वन्धित व्यक्ति वा वर्गले यस इश्तिहारलाई बिज्ञापन माथि प्रतिबन्धको रूपमा नलिइन् तथा स्वस्थ विज्ञापन प्रकाशनमा उद्योग विभागलाई सहयोग देउनं भन्ने उद्देश्यले यो सूचना प्रकाशित गरिएको छ । आशा गरिएको छ कि निराधारद गलतफहमी निर्मूल भई माथि लेखिएबमोजिमको उद्योग विभागको उद्देश्य राम्रगी पूरा हुनेछ ।

महेशचन्द्र रेग्मी
का. मु. डाइरेक्टर
उद्योग विभाग
सिंहदरवार, नेपाल.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।